# बजार अनुगमन निर्देशिका, २०७९

स्वीकृत मिति :- २०७९/१२/२३

स्वच्छ र प्रतिस्पर्धात्मक बजार कायम गरी उपभोक्ताको हित संरक्षणका लागि वस्तु वा सेवाको आपूर्ति, मूल्य, गुणस्तर, शुद्धता र परिमाण लगायतका विषयमा अनुगमन तथा निरीक्षण कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले,

उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यो निर्देशिका वनाई लागू गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस निर्देशिकाको नाम "वजार अनुगमन निर्देशिका, २०७९" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "अनुगमन टोली" भन्नाले ऐनको दफा २९ बमोजिम गठित बजार अनुगमन टोली, विषयगत अनुगमन टोली वा संयुक्त अनुगमन टोली सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले उपभोक्ता संरक्षण ऐन, २०७५ सम्झनुपर्छ।

(ग) "केन्द्रीय वजार अनुगमन समिति" भन्नाले ऐनको दफा २५ बमोजिम गठित केन्द्रीय वजार अनुगमन समिति सम्झनुपर्छ।

(घ) "नियमावली" भन्नाले उपभोक्ता संरक्षण नियमावली, २०७६ सम्झनुपर्छ।

(ङ) "निरीक्षण अधिकृत" भन्नाले ऐनको दफा ३२ बमोजिमको निरीक्षण अधिकृत सम्झनुपर्छ।

(च) "बजार अनुगमन टोली" भन्नाले दफा ८ बमोजिमको बजार अनुगमन टोली सम्झनुपर्छ।

(छ) "महानिर्देशक" भन्नाले विभागको महानिर्देशकलाई सम्झनुपर्छ ।

(ज) "वस्तु" भन्नाले ऐनको दफा २ को खण्ड (ढ) मा परिभाषित वस्तु सम्झनुपर्छ।

(झ) "विभाग" भन्नाले वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग सम्झनुपर्छ।

(ञ) "विषयगत निकाय" भन्नाले दफा १० बमोजिम विषयगत ऐन कार्यान्वयन तथा नियमन गर्ने निकाय सम्झनुपर्छ र सो शब्दले ती निकाय मातहतको कार्यालयलाई समेत जनाउँछ।

(ट) "विषयगत अनुगमन टोली" भन्नाले दफा ९ को उपदफा (१) बमोजिमको विषयगत अनुगमन टोली सम्झनुपर्छ।

(ठ) "सेवा" भन्नाले ऐनको दफा २ को खण्ड (द) मा परिभाषित सेवा सम्झनुपर्छ।

(ड) "संयुक्त अनुगमन टोली" भन्नाले दफा ११ को उपदफा (१) बमोजिमको संयुक्त अनुगमन टोली सम्झनुपर्छ।

...नेन्द्रप्रसाद बड्...

(ढ) "सम्बद्ध पक्ष" भन्नाले ऐनको परिच्छेद-३ मा उल्लिखित उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, सञ्चयकर्ता, विक्रेता वा सेवा प्रदायकलाई सम्झनुपर्छ ।

३. **अनुगमन टोलीको कार्यक्षेत्र:** अनुगमन टोलीले ऐनको दफा २९ मा उल्लिखित विषयका अतिरिक्त सम्बद्ध पक्षले दायित्व पूरा गरे नगरेको सम्बन्धमा समेत अनुगमन तथा निरीक्षण गर्न सक्नेछ ।

४. **अनुगमन टोलीको काम र कर्तव्य:** (१) ऐन, नियमावली तथा यस निर्देशिकामा तोकिएका अतिरिक्त अनुगमन टोलीको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) बजार अनुगमन सम्वन्धी कार्ययोजना बनाउने,

(ख) कार्ययोजना बमोजिम नियमित रुपमा बजार अनुगमन गर्ने तथा सोको समीक्षा गर्ने,

(ग) अनुगमन गर्दा मुद्दा चलाउनु पर्ने प्रकृतिका अनियमितता देखिएमा सोको प्रतिवेदन तयार गरी मुद्दा सम्वन्धी कार्य सम्वन्धित निरीक्षण अधिकृत मार्फत् अगाडि बढाउने,

(घ) उपभोक्ता हक, हित र अधिकारका सम्वन्धमा सम्बद्ध पक्षलाई जानकारी दिने,

(ङ) उपभोक्ता हित सम्वन्धी सूचना सङ्कलन गर्ने,

(च) केन्द्रीय बजार अनुगमन समिति वा विभागको निर्देशनमा बजार अनुगमन गर्ने,

(छ) अनुगमन प्रतिवेदन पेश गर्ने,

(२) अनुगमन टोलीले केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समिति र केन्द्रीय बजार अनुगमन समितिको निर्णय एवं निर्देशन पालना गर्नुपर्नेछ।

५. **बजार अनुगमनको पूर्व तयारी:** अनुगमन टोलीले कुनै वस्तु वा सेवासँग सम्वन्धित बजार अनुगमन तथा निरीक्षणमा जानुपूर्व देहाय बमोजिम तयारी गर्नु पर्नेछः-

(क) उजुरी, गुनासो जानकारी तथा सूचनाको विवरण तयार गर्ने,

(ख) अनुगमन तथा निरीक्षण गरिने वस्तु वा सेवाको प्राथमिकता तोकी सूची तयार गर्ने,

(ग) विषयगत निकायसँग सम्पर्क र समन्वय गर्ने,

(घ) अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित ऐन नियमहरु, अनुगमन सूचक र चेकलिष्ट, अनुगमन टोलीको नाम नामेसी सहितको विवरण र स्थलगत अनुगमन निरीक्षण सम्वन्धी मुचुल्का फारामहरु लगायत आवश्यक सामग्री तयार गर्ने,

(ङ) टोली प्रमुख वा निरीक्षण अधिकृतले बजार अनुगमन आचारसंहिता टोलीका सदस्यलाई जानकारी गराउने,

(च) उपभोक्ता अधिकार एवं व्यावसायिक सचेतना सम्बन्धी कुनै सामग्री उपलब्ध भएमा वितरणका लागि लैजाने।



मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री

(२) उपदफा (१) मा उल्लिखित पूर्व तयारीका अतिरिक्त निरीक्षण अधिकृतले बजार अनुगमन र निरीक्षणका क्रममा नियमावलीको नियम २३ को उपनियम (१) बमोजिमको परिचयपत्र र अनुगमन टोलीका अन्य सदस्यले आफ्नो कार्यालयबाट जारी भएको परिचयपत्र अनिवार्य रुपमा लगाउनु पर्नेछ ।

६. <u>वस्तु वा सेवाहरुको अनुगमन गर्दा ध्यान दिनुपर्ने कुराहरुः</u> अनुगमन टोलीले दफा ३ मा उल्लिखित विषयका अतिरिक्त आवश्यक वस्तु संरक्षण ऐन, २०१२ तथा आवश्यक सेवा सञ्चालन ऐन, २०१४ बमोजिमका अत्यावश्यक वस्तु वा सेवाको अनुगमन गर्दा देहायका कुरामा ध्यान दिनुपर्नेछः-

(क) उत्पादन, भण्डारण तथा बिक्री वितरण स्थल र सोको वातावरणीय पक्ष ठीक भए वा नभएको,

(ख) वस्तु वा सेवाको नापतौल, गुणस्तर र मूल्य मापनका उपकरण ठीक भए वा नभएको र तत्सम्बन्धी सूचना उपभोक्तालाई दिए वा नदिएको,

(ग) प्रतिस्पर्धा, स्वच्छ बजार प्रवर्द्धन, ट्रेडमार्क, लेबल र विज्ञापनको सत्यता भए वा नभएको,

(घ) उत्पादन वा बिक्री वितरण गर्दा कानुनी प्रक्रिया पूरा गरे वा नगरेको,

(ङ) उपभोक्ता हितमा प्रतिकूल असर परे वा नपरेको,

(च) अनुगमन टोलीले आवश्यक देखेका अन्य कुराहरु।

७. <u>केन्द्रीय बजार अनुगमन समितिले समन्वय गर्नेः</u> केन्द्रीय बजार अनुगमन समितिले ऐनको दफा २६ बमोजिम बजार अनुगमन तथा निरीक्षणमा संलग्न अनुगमन टोलीलाई समन्वय गर्न तथा निर्देशन दिन सक्नेछ ।

८. <u>बजार अनुगमन टोलीः</u> (१) ऐनको दफा २९ तथा नियमावलीको नियम १९ को उपनियम (१) बमोजिम देहायको बजार अनुगमन टोली रहनेछः-

(क) विभाग वा विभाग अन्तर्गतका कार्यालयका निरीक्षण अधिकृत वा विभागबाट नियुक्त भएको वा तोकिएको निरीक्षण अधिकृत,

(ख) सम्वन्धित विषयगत निकायका कम्तीमा अधिकृतस्तरको प्रतिनिधि वा सम्वन्धित विषयगत निकायका विषयगत ऐन नियम बमोजिम तोकिएका पदाधिकारी, निरिक्षक वा निरीक्षण अधिकारी,

(ग) सम्बन्धित स्थानीय तहको कम्तीमा अधिकृतस्तरको प्रतिनिधि,

(घ) सम्बन्धित प्रहरी कार्यालयको प्रतिनिधि।

(२) उपदफा (१) बमोजिमको बजार अनुगमन टोलीमा उपलब्ध भएसम्म अनुगमन गरिने वस्तु वा सेवासँग सम्बन्धित विज्ञलाई समावेश गर्न सकिनेछ।

९. <u>विषयगत अनुगमन टोलीः</u> (१) ऐनको दफा २९ तथा नियमावलीको नियम १९ को उपनियम (२) बमोजिम देहायको विषयगत अनुगमन टोली रहनेछः-



मा. दिलेन्द्रप्रसाद बडु
मन्त्री
...णिज्य तथा आपूर्ति मन्त्रालय

(क) विभाग वा विभाग अन्तर्गतका कार्यालयका निरीक्षण अधिकृत वा विभागबाट नियुक्त भएको वा तोकिएको निरीक्षण अधिकृत,

(ख) विषयगत निकायको कम्तीमा अधिकृतस्तरको प्रतिनिधि,

(ग) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको निरीक्षण अधिकृत वा अधिकृतस्तरको प्रतिनिधि,

(घ) सम्बन्धित स्थानीय तहको कम्तीमा अधिकृतस्तरको प्रतिनिधि,

(ङ) सम्बन्धित प्रहरी कार्यालयको प्रतिनिधि।

(२) उपदफा (१) बमोजिमको अनुगमन टोलीको संयोजन सम्वन्धित विषयगत निकायको प्रतिनिधिले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अनुगमन टोलीले जिल्ला स्तरमा अनुगमन गर्दा विभाग वा अन्तर्गतको कार्यालय र दफा १० बमोजिमको विषयसँग सम्वन्धित विभाग वा कार्यालयको प्रतिनिधिलाई समावेश गराउनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम गठित अनुगमन टोलीमा प्रदेश सरकारको सम्बन्धित निकायको कम्तीमा अधिकृतस्तरको प्रतिनिधिलाई समावेश गर्न सकिनेछ।

१०. <u>विषयगत अनुगमन टोलीको संयोजनः</u> (१) देहायका विषयमा अनुगमन गर्दा देहायका निकायबाट विषयगत अनुगमन टोलीको संयोजन हुनेछः-

(क) फर्म वा कम्पनी वा व्यावसायिक प्रतिष्ठान वा संस्थाको दर्ता नवीकरण लगायतका नियमन सम्वन्धी, आपूर्ति व्यवस्थापन, मूल्यसूची, लेवल, कृत्रिम मूल्यवृद्धि, एकाधिकार, सिण्डिकेट, मिलोमतोपूर्ण वजार भाउ निर्धारण, कार्टेलिङ्ग तथा बजार प्रवेशमा अवरोध गर्ने किसिमका गैरप्रतिस्पर्धी क्रियाकलाप तथा अनुचित व्यापारिक क्रियाकलाप, पेट्रोलियम पदार्थ, एल.पी. ग्याँस, पार्टी प्यालेसको दर्ता तथा संचालन, विज्ञापन, उपभोक्ताको हकहित संरक्षण र आपूर्ति व्यवस्थासँग जोडिएका अन्य विषयमा अनुगमन गर्दा विभागको,

(ख) सम्बद्ध पक्षले जारी गरेको बिल, बिजक, कर एवं कारोबारको विषयमा अनुगमन गर्दा आन्तरिक राजस्व विभागको,

(ग) राजस्व चुहावट सम्वन्धी विषयमा अनुगमन गर्दा राजस्व अनुसन्धान विभागको,

(घ) खाद्य पदार्थ, दाना पदार्थ एवं कच्चा पदार्थहरुको गुणस्तर तथा स्वच्छता, उत्पादन प्रक्रिया, भण्डारण, मिसावट, बिक्री वितरण सम्वन्धी विषय र सो सम्वन्धी लेवल तथा विज्ञापनसँग सम्वन्धित विषयको अनुगमन गर्दा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको,



मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री
वाणिज्य तथा आपूर्ति मन्त्रालय

(ङ) स्वास्थ्य संस्था एवं स्वास्थ्य सेवा प्रदायकसँग सम्वन्धित सेवा, सुविधा, शुल्क, गुणस्तर, सेवाको मापदण्ड लगायतका विषयमा अनुगमन गर्दा स्वास्थ्य सेवा विभागको,

(च) औषधीको उत्पादन, गुणस्तर, बिक्री वितरण, भण्डारण, ओसारपसार, प्रयोग तथा सो सम्बन्धी विज्ञापन लगायतको अनुगमन गर्दा औषधी व्यवस्था विभागको,

(छ) कुनै वस्तुको गुणस्तर, नाप वा तौल वा नाप्ने वा तौलने यन्त्र सम्बन्धी विषयको अनुगमन गर्दा नेपाल गुणस्तर तथा नापतौल विभागको,

(ज) उद्योगबाट उत्पादन गरिने विषयगत ऐनले समेट्ने बाहेकका वस्तुको उत्पादनको प्रक्रिया, गुणस्तर, सरसफाई तथा भण्डारणको स्थिति, प्याकेजिङ्ग, औद्योगिक वातावरण, औद्योगिक बौद्धिक सम्पत्ति सम्बन्धी विषयमा अनुगमन गर्दा उद्योग विभागको,

(झ) सार्वजनिक सवारी साधनको सेवा, गुणस्तर, भाडादर, सवारी साधन प्रदूषण मापन लगायतका विषयमा अनुगमन गर्दा यातायात व्यवस्था विभागको,

(ञ) खाद्यान्न, तरकारी, फलफूल, चिया, कफी, मसला बाली, च्याउ, मह, विउविजन लगायतका कृषि उपज उत्पादन एवं ढुवानी, विषादी व्यवस्थापन, रासायनिक मल र प्राङ्गारिक मलको उत्पादन, प्याकेजिङ्ग, भण्डारण, ढुवानी, मिसावट, गुणस्तर परीक्षण, मूल्य अनुगमन तथा सबै प्रकारका कृषि बजारहरूको व्यवस्थापन लगायतका विषयमा अनुगमन गर्दा कृषि विभागको,

(ट) माछा, मासु, पशुपक्षीबाट उत्पादन हुने दूध र दुग्धजन्य पदार्थको बजार व्यवस्था, मासु, मासुजन्य पदार्थमा प्रयोग गरिएका कृत्रिम हर्मोन तथा एन्टीबायोटीक्स, पशुपक्षी खोप, औषधी लगायतको प्रयोग, पशुपक्षी वधशालाको सरसफाई, विक्रीस्थलमा मासुजन्य पदार्थको गुणस्तर, भण्डारण, मूल्य तथा प्याकेजिङ्ग व्यवस्था, एग्रोभेट र पशुपक्षी हाटवजारको अवस्था लगायतका विषयमा अनुगमन गर्दा पशु सेवा विभागको,

(ठ) पाठ्यपुस्तक तथा अन्य पाठ्यसामग्रीको उपलब्धता, मूल्य, गुणस्तर र तथ्य, सांस्कृतिक, खेलकुद तथा मनोरञ्जन सम्वन्धी सेवा, शिक्षण सेवा, शैक्षिक परामर्श सेवा लगायतका विषयमा शिक्षा तथा मानव स्रोत केन्द्रको,

(ड) ट्राभल, ट्रेकिङ, र्‍याफ्टिङ, होटल, क्यासिनो, पर्वतारोहण, बन्जी लगायतका पर्यटन क्षेत्रसँग सम्बन्धित विषयमा पर्यटन विभागको ।

(ढ) कालोबजारी र प्रचलित कानूनले प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारीले गर्ने भनी निर्दिष्ट गरेका विषयमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयको।



मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री
वाणिज्य तथा आपूर्ति मन्त्रालय

(२) उपदफा (१) मा नपरेका विषयका सम्वन्धमा तत् तत् विषयगत ऐन कार्यान्वयन गर्ने नियमनकारी निकायले अनुगमन टोलीको संयोजन गर्नेछ ।

(३) नियमनकारी निकाय नतोकिएका विषयको हकमा विभागले अनुगमन टोलीको संयोजन गर्नेछ ।

(४) विषयगत अनुगमन टोलीले अनुगमनका क्रममा अन्य विषयगत निकायको क्षेत्रमा पर्ने कुनै कैफियत वा अनियमितता देखेमा सम्वन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(५) विषयगत निकायले वस्तु वा सेवाको गुणस्तर, शुद्धता, मूल्य, परिमाण लगायतका विषयमा कानूनको परिपालनाका लागि सम्बन्धित पक्षको क्षमता विकासका कार्यक्रम संचालन गर्नेछ ।

११. <u>संयुक्त अनुगमन टोलीः</u> (१) दुई वा दुई भन्दा बढी विषयगत क्षेत्रको अनुगमन गर्दा दफा ९ बमोजिमको विषयगत अनुगमन टोलीमा सम्बन्धित विषयगत निकायहरुको प्रतिनिधित्व रहने गरी ऐनको दफा २९ तथा नियमावलीको नियम १९ को उपनियम (२) बमोजिम संयुक्त अनुगमन टोली रहनेछ।

(२) उपदफा (१) बमोजिम गठित टोलीमा प्रदेश सरकारका सम्बन्धित निकायका कम्तीमा अधिकृतस्तरको प्रतिनिधिलाई समावेश गर्न सकिनेछ।

(३) उपदफा (१) बमोजिम गठित टोलीमा उपलब्ध भएसम्म अनुगमन गरिने वस्तु वा सेवा सम्वन्धी विज्ञ तथा सरोकारवाला संघ-संस्थाका प्रतिनिधिलाई समावेश गराउन सकिनेछ।

(४) उपदफा (१) बमोजिमको टोलीको नेतृत्व विभाग वा विभागले नियुक्त गरेको वा तोकेको निरीक्षण अधिकृतले गर्नेछ।

१२. <u>निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु पर्ने प्रक्रियाः</u> अनुगमन टोली वा निरीक्षण अधिकृतले कुनै उद्योग वा व्यावसायिक स्थलको निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा नियमावलीको नियम २४ को अतिरिक्त देहाय बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछः-

(क) जुन उजुरी वा विषयमा निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न लागेको हो सो विषयसँग सम्बन्धित कागजात, वस्तु, व्यक्ति, कारखाना, गोदाम, पसल, घर कम्पाउण्ड वा अन्य कुनै शंकास्पद ठाउँ र ती स्थानको तुरुन्त खानतलासी नलिएमा प्रमाण लोप वा नष्ट हुन सक्ने आशंका भएमा तत्कालै अनुगमन टोली वा निरीक्षण अधिकृतले त्यस्तो व्यक्तिको तलासी लिन वा सो स्थानको खानतलासी गर्न वा गराउन सक्ने,

(ख) शंकास्पद व्यक्ति खानतलासी गर्ने स्थानमा वा अन्य कुनै ठाउँमा बसोवास गरी आएको देखिएमा सो घर वा स्थानको धनी वा संरक्षकलाई अनुगमन टोली वा निरीक्षण अधिकृतले खानतलासी गर्नुपर्नाको कारण खोली सो कुराको सूचना नियमावलीको अनुसूची-३ बमोजिमको ढाँचामा दिनुपर्ने र सो सूचना पाएपछि त्यस्तो व्यक्तिले खानतलासी लिन आउने अनुगमन टोली वा निरीक्षण अधिकृत



... दिलेन्द्रप्रसाद ... मन्त्री ... तथा आपूर्ति मन्त्रालय

वा निजले खटाएको वजार अनुगमन टोलीको सदस्यलाई त्यस्तो स्थानमा प्रवेश गर्न दिनुपर्ने,

(ग) निरीक्षण, जाँचवुझ वा खानतलासी गर्ने सिलसिलामा अनुगमन टोली वा निरीक्षण अधिकृतले सूचना दिँदादिँदै पनि सम्वन्धित व्यक्ति वा अरू कसैले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न अनुमति नदिई बाधा अवरोध गरेमा सम्भव भएसम्म सुरक्षाकर्मी, स्थानीय तहको प्रतिनिधि वा स्थानीय व्यक्तिलाई साक्षी राखी निरीक्षण, जाँचवुझ वा खानतलासी गर्न सक्ने,

(घ) खण्ड (ग) वमोजिम साक्षी बस्ने व्यक्ति फेला नपरेमा वा साक्षी बस्न इन्कार गरेमा सोही व्यहोराको कैफियत जनाई खानतलासी लिने व्यक्तिले सहीछाप गरे पछि यस दफा वमोजिमको प्रक्रिया पूरा भएको मानिने,

(ङ) अनुगमन टोली वा निरीक्षण अधिकृतले निरीक्षणको क्रममा नियमावलीको अनुसूची-१ बमोजिमको अनुगमन तथा निरीक्षण फाराम दुई प्रति भरी एक प्रति सम्बन्धित उद्योगी वा व्यवसायीलाई दिनुपर्ने,

(च) अनुगमन टोली वा निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा नियमावलीको अनुसूची-३ बमोजिमको सूचना दिई अनुसूची-१ बमोजिमको अनुगमन तथा निरीक्षण फाराम भरी नियमावलीको अनुसूची-३ बमोजिमको खानतलासी मुचुल्का समेत दुई दुई प्रति तयार गरी एक प्रति सम्वन्धित उद्योगी वा व्यवसायीलाई दिनुपर्ने।

(२) विषयगत अनुगमन टोलीले अनुगमन गर्दा विषयगत निकायमा भएको कानूनी व्यवस्था वमोजिम निरीक्षण, जाँचवुझ वा खानतलासी गर्न र सोही वमोजिमको निरीक्षण फाराम तथा अनुसूची समेत प्रयोग गर्न सक्नेछन् ।

१३. <u>रोक लगाउने सम्बन्धी व्यवस्था:</u> (१) निरीक्षण अधिकृतले ऐनको दफा ३३ को उपदफा (३) बमोजिम रोक लगाउँदा त्यस्तो वस्तुको उत्पादन वा विक्रिवितरण गर्न वा सेवा प्रदान गर्न अवधि तोकी रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम रोक्का राख्नुपर्ने वस्तु तुरुन्त स्थानान्तरण गर्न सम्भव नदेखिएमा निरीक्षण अधिकृतले त्यस्ता वस्तु रहेकै स्थानमा सिलवन्द गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम रोक्का राखेको वस्तु सम्वन्धित सम्वद्ध पक्षले आफ्नो जिम्मामा लिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम रोक्का राखेको वस्तु जिम्मा लिन सम्वद्ध पक्ष मञ्जुर नभएमा निरीक्षण अधिकृतले त्यस्तो वस्तु आफ्नो नियन्त्रणमा लिन सक्नेछ।

(५) निरीक्षण अधिकृतले उपदफा (२) वमोजिम सिलवन्द गरिएको वस्तु तथा उपदफा (४) वमोजिम नियन्त्रणमा लिएको वस्तु र सो वस्तु रहेको स्थानका सम्बन्धमा सम्वन्धित स्थानीय तहलाई

जानकारी गराई त्यस्तो वस्तु वा स्थानको सुरक्षाको जिम्मा नजिकको प्रहरी कार्यालयलाई दिन सक्नेछ।

(७) निरीक्षण अधिकृतले यस दफा बमोजिम कुनै वस्तु सिलवन्द गर्दा वा नियन्त्रणमा लिँदा अनुसूची-१ को ढाँचामा मुचुल्का तयार गरी एक प्रति सम्वन्धित सम्बद्ध पक्षलाई दिनु पर्नेछ।

(८) विषयगत अनुगमन टोलीले विषयगत ऐन नियम बमोजिमको विधि तथा प्रकृया अनुरुप रोक लगाउन सक्नेछ ।

(९) रोक्का राखिएको कुनै वस्तु रोक्का राखिएको अवधिमा सडी, गली नष्ट भएमा वा त्यस्तो वस्तु फुकुवा निर्णय पश्चात सम्बन्धित सम्बद्ध पक्षले बुझी नलिएको कारण भएको हानि नोक्सानी प्रति नेपाल सरकार वा निरीक्षण अधिकृत जवाफदेही हुनेछैन।

१४. <u>वस्तुको नमूना सम्बन्धी व्यवस्था:</u> (१) नियमावलीको नियम २४ (४) र नियम २५ (क) बमोजिम वस्तुको नमूना लिँदा त्यस्तो नमूनालाई तीन भागमा विभाजन गरी सम्बन्धित सम्बद्ध पक्ष, परीक्षण प्रयोगशाला र सम्वन्धित कार्यालयका लागि छुट्टा-छुट्टै भाँडो वा प्याकेटभित्र राखी सिलबन्द गर्नु पर्नेछ।

(२) गुणस्तर अनिवार्य गरिएको वस्तु वा नेपाल गुणस्तर चिह्न प्राप्त वस्तुको नमूना लिँदा आवश्यकता अनुसार विषयगत कानूनद्वारा निर्धारित प्रक्रिया समेत अवलम्बन गर्नुपर्नेछ ।

१५. <u>सिलबन्द गर्ने प्रक्रिया:</u> (१) निरीक्षण अधिकृतले उपभोग्य वस्तु राखिएको भाँडो वा प्याकेटलाई देहाय बमोजिम गरी सिलबन्द गर्नु पर्नेछ:-

(क) भाँडो वा प्याकेटभित्र राखिएकोमा उपभोग्य वस्तुको नाम तथा परिमाण र सांकेतिक संख्या भए सो समेत भाँडो वा प्याकेट बाहिर स्पष्टसँग अंकित गर्ने,

(ख) भाँडो वा प्याकेटभित्र राखिएको उपभोग्य वस्तु चुहिन वा बाहिर आउन नसक्ने गरी बन्द गरी बिर्को लगाउने र प्याकेजिङ गर्ने,

(ग) भाँडोको बिर्को वा प्याकेट खोल्न नसक्ने गरी धागोले बाँधी सिलबन्द गर्ने।

(२) निरीक्षण अधिकृतले नियमावलीको नियम २५ को खण्ड (ग) बमोजिम कुनै उत्पादन स्थल, बिक्री वा वितरण स्थललाई सिलवन्द गर्नु पर्दा अनुसूची -२ बमोजिमको ढाँचामा दुई प्रति मुचुल्का तयार गरी एकप्रति सम्वद्ध पक्षलाई दिनु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम सिलवन्द गर्दा आवश्यकता अनुसार विभिन्न ठाउँमा लाहाछाप गरी सम्बन्धित सम्बद्ध पक्षको प्रतिनिधि र निरीक्षण अधिकृतले आ-आफ्नो दस्तखत सहित सिलबन्द गर्नु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम व्यवसाय सिलबन्द गर्ने काममा सम्बन्धित सम्बद्ध पक्ष वा निजको प्रतिनिधिले इन्कार गरेमा निरीक्षण अधिकृतले सोको व्यहोरा खोली लाहाछाप लगाई उपलब्ध भएसम्म स्थानीय तहको प्रतिनिधिलाई साक्षी राखी आ-आफ्नो दस्तखत सहित सिलबन्द गर्नु पर्नेछ।

१६. <u>नमुना परीक्षणको लागि प्रयोगशालामा पठाउने:</u> नियमावलीको अनुसूची-५ को ढाँचामा फाराम भरी नेपाल सरकारको प्रयोगशाला वा नेपाल सरकारबाट मान्यता प्राप्त प्रयोगशालामा नमूना पठाउँदा सिलबन्द गरी प्याकिङ्ग गरिएको वस्तु राखिएको भाँडो वा प्याकेटको बाहिरी आवरणमा नमूना परीक्षणको लागि पठाइएको वस्तुको नाम, परिमाण तथा सांकेतिक संख्या समेत स्पष्ट उल्लेख गरी तोकिएको परिक्षण दस्तुर सहित ऐनको दफा ३४ को उपदफा (१) ले तोकेको अवधिभित्र पठाउनु पर्नेछ र त्यसरी परीक्षणको लागि पठाएको नमूना वुझाएको भरपाई सुरक्षित राख्नु पर्नेछ।

१७. <u>नमूनाको पुनः परीक्षण गर्न सकिने:</u> (१) सम्वन्धित सम्वद्ध पक्षले कानून बमोजिम सजाय हुने वा क्षतिपूर्ति व्यहोर्नु पर्ने मुद्दासँग सम्वन्धित उपभोग्य वस्तुको नमूना पुनः परीक्षण गराउन चाहेमा निजले आफूसँग रहेको सिलबन्द सहितको नमूना संलग्न गरी मुद्दा हेर्ने अधिकारी समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर मुद्दा हेर्ने अधिकारीले पुनः परीक्षण गराउन मनासिब देखेमा त्यस्तो निवेदनसाथ प्राप्त भएको सिलबन्द नमूनालाई पुनः परीक्षणका लागि मुद्दा हेर्ने अधिकारीले नेपाल सरकारको प्रयोगशाला वा नेपाल सरकारबाट मान्यता प्राप्त प्रयोगशालामा पठाउनेछ ।

१८. <u>रोक लगाइएको वा नियन्त्रणमा लिइएको वस्तु वा स्थल फुकुवा गर्ने:</u> (१) रोक्का वा नियन्त्रणमा लिइएको कुनै वस्तुको नमूना परीक्षण गर्दा सुरक्षित र गुणस्तरीय ठहरिएमा निरीक्षण अधिकृतले त्यस्तो वस्तु फुकुवा गर्न सक्नेछ ।

(२) दफा १५ को उपदफा (२) वमोजिम सिलवन्द गरिएको स्थल देहायको अवस्था पूरा भएमा निरीक्षण अधिकृतले फुकुवा गर्न सक्नेछः-

(क) नमूना परीक्षणको प्रतिवेदन प्राप्त भएपछि,

(ख) अनुसन्धानको क्रममा निरीक्षण अधिकृतवाट माग भएको कागजात सम्वन्धित व्यवसायीवाट प्राप्त भएपछि, र

(ग) अनुसन्धान प्रक्रिया समाप्त भई निर्णय व्यहोरामा उल्लिखित भए बमोजिमको तत्काल जरिबाना तथा सजाय भुक्तान भएपछि।

(३) विषयगत ऐन वमोजिम रोक लगाइएको वा नियन्त्रणमा लिइएको वस्तु वा स्थल फुकुवा गर्ने प्रकृया सोही ऐन वमोजिम हुनेछ।

१९. <u>जरिबाना रकम दाखिला सम्बन्धी व्यवस्था:</u> ऐनको दफा ३९ उपदफा (१) बमोजिमको तत्काल जरिवाना बापतको रकम सात दिनभित्र सम्वन्धित पक्षले विभागले तोकेको वैंङ्क खातामा दाखिला गर्नु पर्नेछ।

२०. <u>लिखित जानकारी वा बयान सम्बन्धी व्यवस्था:</u> (१) निरीक्षण अधिकृतले उजुरी वा अनुसन्धानसँग सम्बन्धित सम्बद्ध पक्षसँग लिखित जानकारी माग गर्न वा बयानको लागि निरीक्षण अधिकृतको कार्यालयमा देहायका मध्ये कुनै माध्यमवाट उपस्थित गराउन सक्नेछः-

(क) टेलिफोन वा अन्य विद्युतीय माध्यमबाट जानकारी गराउने।

(ख) छोटो म्याद दिई पत्र पठाउने।

(ग) पत्रपत्रिका मार्फत् सार्वजनिक सूचना प्रकाशन गर्ने।

(२) आरोपित सम्बद्ध पक्षसँग सम्वद्ध तथ्यहरुको बारेमा जानकारी भएको व्यक्तिलाई विभागमा उपस्थित गराई सोधपुछ गर्न वा बयान लिन वा विभागमा उपस्थित गराउन नसकिने अवस्थामा बन्दसवाल जारी गर्न वा लिखित रुपमा प्रश्नावली पठाई जवाफ माग गर्न सकिनेछ।

२१. <u>पुनः निरीक्षण गर्न सकिने:</u> निरीक्षण अधिकृतले बजार अनुगमनको क्रममा तत्काल निरीक्षण स्थलमै कुनै निर्णय वा आदेश गर्न सक्ने अवस्था नभएमा वा थप जाँचबुझ गर्न आवश्यक देखेमा पुनः निरीक्षण गर्न सक्नेछ।

२२. <u>पुनरावलोकन सम्बन्धी व्यवस्था:</u> (१) निरीक्षण अधिकृतले दिएको तत्काल जरिवानाको आदेशमा चित्त नबुझेमा ऐनको दफा ३९ को उपदफा (५) बमोजिम पुनरावलोकनको लागि अनुसूची- ३ बमोजिमको ढाँचामा महानिर्देशक समक्ष निवेदन दिन सक्नेछ।

(२) महानिर्देशकले उपदफा (१) बमोजिमको निवेदन रीतपूर्वक भए वा नभएको जाँची रीतपूर्वक भएमा दर्ता गराई निवेदकलाई भरपाई दिनुपर्नेछ र रीतपूर्वक नदेखिएमा सोही व्यहोरा जनाई सोको अभिलेख राखी निवेदन फिर्ता दिनु पर्नेछ।

(३) सम्बन्धित सम्बद्ध पक्षको सञ्चालक वा मुख्य प्रशासकीय अधिकारी उपस्थित हुन नसक्ने मनासिब कारण भएमा निजले वारेस मार्फत् पुनरावलोकनको निवेदन दिन सक्नेछ।

(४) पुनरावलोकनको निवेदनका साथमा देहाय बमोजिमको कागजात पेश गर्नुपर्नेछः-

(क) निरीक्षण अधिकृतले तोकेको जरिवानाको पचास प्रतिशत रकम धरौटीको रुपमा विभागले तोकेको बैङ्कमा नगद जम्मा गरेको बैङ्क भौचर,

(ख) निवेदन दर्ता गर्न आउने व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ग) वारेस मार्फत् निवेदन दर्ता गर्नेको हकमा वारेसनामा,

२३. <u>पुनरावलोकनको प्रक्रिया:</u> (१) पुनरावलोकनका लागि निवेदन प्राप्त भएपछि आवश्यकता अनुसार बयान लिन सकिनेछ।

(२) महानिर्देशकले पुनरावलोकनको लागि प्राप्त निवेदन छानविन गरी गराई निवेदकको दावी सत्य देखिन आएमा स्पष्ट कारण खोली पर्चा खडा गरी त्यस्तो जरिवानाको आदेश बदर गर्न वा पुनः निरीक्षण गर्न सम्बन्धित निरीक्षण अधिकृत वा अन्य कुनै निरीक्षण अधिकृतलाई आदेश दिन सक्नेछ।

(३) महानिर्देशकले पुनरावलोकनको लागि प्राप्त निवेदनमा छानविन गरी गराई निरीक्षण अधिकृतबाट भएको आदेश सदर भएकोमा सात दिनभित्र पुरै जरिबाना राजश्व खातामा दाखिला गर्न आदेश दिनुपर्नेछ। आधा रकम मात्र जरिबाना तिरेमा धरौटी स्वरुप राखेको रकम सदरस्याहा गरी राजश्व खातामा दाखिला गरिनेछ।



ढिलेन्द्रप्रसाद बडू
मन्त्री
...तथा आपूर्ति मन्त्रालय

(४) पुनरावलोकनको लागि प्राप्त निवेदनमा महानिर्देशकले ऐनले तोकेको म्यादभित्र निर्णय गरी सोको निस्सा मिसिलमा सामेल गराई सम्वद्ध पक्षलाई जानकारी दिनु पर्नेछ।

(५) पुनरावलोकनको निवेदनमा महानिर्देशकको निर्णय अन्तिम हुनेछ।

(६) पुनरावलोकनको निवेदनमा महानिर्देशकवाट गरिने निर्णयको पर्चा अनुसूची -४ वमोजिम हुनेछ।

२४. **प्रतिवेदन पेश गर्नुपर्ने:** (१) निरीक्षण अधिकृत वा अनुगमन टोलीले विभागमा र विषयगत अनुगमन टोलीले संयोजन गर्ने कर्मचारी आवद्ध निकायमा अनुसूची-५ बमोजिमको ढाँचामा कार्य सम्पन्न भएको सात दिनभित्र प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) संयुक्त अनुगमन टोलीको प्रतिवेदन केन्द्रीय अनुगमन समितिमा पेश गर्नु पर्नेछ।

२५. **प्रतिवेदन कार्यान्वयन:** (१) दफा २४ बमोजिम निरीक्षण अधिकृतबाट प्रतिवेदन प्राप्त भएपछि महानिर्देशकले सो प्रतिवेदन कार्यान्वयन गर्ने सम्वन्धमा सम्बद्ध पक्षलाई आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनका सम्बन्धमा थप विवरण वा जानकारी लिनुपर्ने देखिएमा महानिर्देशकले निरीक्षण अधिकृत मार्फत् सम्वद्ध पक्षसँग आवश्यक विवरण वा जानकारी लिई सो प्रतिवेदन कार्यान्वयन गर्ने सम्वन्धमा आदेश दिन सक्नेछ।

(३) विषयगत अनुगमन टोलीको प्रतिवेदन सम्वन्धित विषयगत निकायले कार्यान्वयन गर्नुपर्नेछ।

(४) अनुगमन टोलीले गरेका अनुगमन तथा निरीक्षणको विवरण विभागले कम्तिमा पाक्षिक रुपमा पत्रकार सम्मेलन मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

२६. **जानकारी दिनुपर्ने:** निरीक्षण अधिकृतले अनुसन्धान तहकिकात गर्ने सन्दर्भमा निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा प्राप्त तथ्य वा प्रयोगशालाबाट प्राप्त प्रतिवेदनको आधारमा आरोपित सम्बद्ध पक्ष उपर मुद्दा चलाउन नसकिने अवस्था विद्यमान देखी सोही बमोजिम निर्णय गरिएकोमा सम्बन्धित उजुरीकर्ताले माग गरेमा सोको जानकारी दिनुपर्नेछ।

२७. **अभिलेख सम्बन्धी व्यवस्था:** (१) ऐनको दफा ३९ को उपदफा (८) र दफा ४० को उपदफा (१) बमोजिम निर्णय भएका मिसिल तथा कागजातहरु अभिलेखको रुपमा विभागको कानून तथा फैसला कार्यान्वयन शाखामा रहनेछ।

(२) पुनरावलोकनको लागि परेको उजुरी उपर निर्णय भई निर्णय बमोजिम असुल उपर हुनुपर्ने जरिवानाको रकम असुल उपर भइसकेपछि र मुद्दा दायर भएको हकमा उक्त मुद्दामा अन्तिम निर्णय भई असुल उपर हुनुपर्ने तत्काल जरिबाना र सजाय भुक्तान भइसकेपछि निरीक्षण अधिकृतले मुद्दासँग सम्बन्धित मिसिल विभागको कानून तथा फैसला कार्यान्वयन शाखामा बुझाउनुपर्नेछ।

(३) कानून तथा फैसला कार्यान्वयन शाखाले प्राप्त हुन आएको मिसिल बुझिलिई अनुसूची -६ बमोजिमको ढाँचामा सोको अभिलेख राख्नु पर्नेछ।



दिलेन्द्रप्रसाद बडू
मन्त्री

(४) अभिलेखको रुपमा रहेको मिसिलको सम्वन्धित पक्षवाट नक्कल माग भई आएमा कानून बमोजिम लाग्ने दस्तुर लिई नक्कल दिनु पर्नेछ।

(५) निरीक्षण अधिकृतले गरेको निरीक्षण तथा जाँचबुझ, जरिबाना र दण्ड सजायको दैनिक अभिलेख अनुसूची-७ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

२८. <u>सहजीकरण, सहयोग तथा समन्वय:</u> (१) सम्वन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले आवश्यकतानुसार अनुगमन कार्यमा संलग्न अनुगमन टोली वा निरीक्षण अधिकृतलाई सहजीकरण तथा सहयोग गर्नु पर्नेछ ।

(२) बजार अनुगमन गर्दा अनुगमन टोली र निरीक्षण अधिकृतले सुरक्षा लगायतका आवश्यक सहयोग माग गरेमा तत्काल त्यस्तो सुरक्षा तथा सहयोग उपलब्ध गराउनु सम्वन्धित स्थानीय प्रशासनको कर्तव्य हुनेछ।

(३) अनुगमन टोलीले बजार अनुगमन गर्दा प्रदेश र स्थानीय तहमा गठन भएका अनुगमन टोलीसँग समन्वय गर्न सक्नेछ।

२९. <u>आचारसंहिता:</u> (१) निरीक्षण अधिकृत र अनुगमन टोलीका सबै सदस्यले बजार अनुगमन टोलीको आचारसंहिता, २०७७ को पालना गर्नुपर्नेछ।

(२) अनुगमन टोलीले ऐन, नियमावली तथा यस निर्देशिका बमोजिमको विधि, प्रक्रिया तथा ढाँचामा अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ।

३०. <u>बजेट तथा सुविधा:</u> (१) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र विषयगत निकायले बजार अनुगमनका लागि वार्षिक रुपमा वजेट विनियोजन गर्नुपर्नेछ।

(२) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट विनियोजित वजेट वमोजिम विभागले जिल्लास्थित निरीक्षण अधिकृतलाई वजार अनुगमनको लागि आवश्यक बजेट उपलब्ध गराउनेछ।

(३) अनुगमन टोलीमा संलग्न पदाधिकारीले नियमानुसार प्राप्त गर्ने सुविधा देहाय वमोजिम हुनेछः-

(क) उपत्यका (काठमाडौं, ललितपुर, भक्तपुर जिल्ला) भित्र वा सम्बन्धित जिल्लाभित्रको हकमा खाना वा खाजा खर्च वापत प्रतिव्यक्ति दैनिक पाँच सय रुपैयाँ, अनुगमन टोली संयोजकलाई सञ्चार खर्च बापत दैनिक पचास रुपैयाँ वा भ्रमण खर्च सम्बन्धी प्रचलित कानून बमोजिम प्राप्त हुने सुविधा,

(ख) सुरक्षाकर्मी, विज्ञ, सरोकारवाला संघसंस्थाको प्रतिनिधि लगायतका अनुगमन टोलीका सदस्यलाई अनुगमन कार्यमा खटिएको प्रत्येक दिनको लागि टोलीको संयोजन गर्ने विषयगत निकायले खण्ड (क) वमोजिम सुविधा उपलब्ध गराउन सक्नेछ।

(ग) संयुक्त अनुगमन टोली वा विषयगत अनुगमन टोलीमा खटिने नेपाल सरकारका कर्मचारीलाई अनुगमन गरेको प्रत्येक दिनको लागि निजले भत्ता वा खाजा खर्च वापत कुनै रकम पाउने भएमा आ-आफ्नो निकायबाटै नियमानुसार भुक्तानी लिन सक्नेछ।

३१. **विशेषज्ञको सेवा लिन सकिने:** बजार अनुगमन, निरीक्षण तथा जाँचबुझको सिलसिलामा आवश्यक परेमा विशेषज्ञको सेवा लिन सकिनेछ।

३२. **निर्देशिकाको पालना गर्नुपर्ने:** ऐन बमोजिम काम कारवाही गर्ने जुनसुकै विषयगत निकाय र नियमनकारी निकायले बजार अनुगमन गर्दा यस निर्देशिकाको पालना गर्नुपर्नेछ ।

३३. **प्रदेश तथा स्थानीय तहले निर्देशिका वा कार्यविधि बनाउन सक्ने:** (१) प्रदेशले ऐन बमोजिम बजार अनुगमन गर्न ऐन तथा प्रदेश कानून अधिनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

(२) स्थानीय तहले बजार अनुगमन सम्वन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन ऐनको दफा ६४ को उपदफा (२) बमोजिम आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछन् ।

(३) उपदफा (१) वा (२) बमोजिम निर्देशिका वा कार्यविधि नबनेसम्म प्रदेश तथा स्थानीय तहले यस निर्देशिका बमोजिम बजार अनुगमन गर्न सक्नेछन् ।

३४. **प्रचलित कानून बमोजिम हुने:** (१) यस निर्देशिकामा उल्लिखित कुराहरू यसै बमोजिम र उल्लेख नभएका कुराहरू प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस निर्देशिकामा भएका व्यवस्थाले प्रचलित कानून बमोजिम हुने बजार अनुगमन सम्वन्धी अन्य कार्यलाई बाधा पुऱ्याएको मानिने छैन।

३५. **खारेजी र बचाउः** (१) बजार अनुगमन कार्यविधि, २०७७ खारेज गरिएको छ।

(२) बजार अनुगमन कार्यविधि, २०७७ बमोजिम भए गरेका कामकारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।



डा. दिलेन्द्रप्रसाद बडू
मन्त्री
वाणिज्य तथा आपूर्ति मन्त्रालय

## अनुसूची-१

(दफा १३ को उपदफा (७) सँग सम्बन्धित)

### वस्तु सिलबन्द गर्दा वा नियन्त्रणमा लिंदा तयार गर्नु पर्ने मुचुल्काको ढाँचा

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग/............. कार्यालयबाट खटिई आएका निरीक्षण अधिकृत श्री .............. सहितको टोलीले .............जिल्ला.............. गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका वडा नं. .........स्थित ....................स्थानमा .............व्यवसाय/बस्तु/सेवा सिल गरी/रोक्का राखी देहाय बमोजिमको विवरण सहित यो मुचुल्का तयार गरिएको छ।

१. उजुरी/सूचनाको छोटकरी विवरणः
२. सिल/रोक्का गरिएको व्यवसाय/वस्तु/सेवाः
३. सिल/रोक्का गरिएको व्यवसाय/बस्तु/सेवा रहेको स्थान (चारकिल्ला सहित) को विवरणः
४. सिल/रोक्का गरिएको व्यवसाय/वस्तु/सेवा व्यवसायको धनी वा निजको एकाघरको व्यक्ति वा प्रतिनिधिको,
   नाम, थर र ठेगानाः
   दस्तखतः
५. हाम्रो रोहबरमा उल्लिखित वस्तु सिल/रोक्का गरिएको हो भनी सहीछाप गर्ने साक्षीकोः
   (क) नाम, थर र उमेरः ठेगानाः दस्तखतः
   (ख) नाम, थर र उमेरः ठेगानाः दस्तखतः
६. स्थानीय तहका प्रतिनिधि (सम्भव भएमा)
७. काम तामेल गर्नेः

ईति संवत् .............साल.............महिना.............गते रोज.............शुभम्.............।

मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## अनुसूची -२

(दफा १५ को उपदफा (२) सँग सम्बन्धित)

### व्यवसायस्थल शिलबन्द गर्दा तयार गर्नुपर्ने मुचुल्काको ढाँचा

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट ............ जिल्ला .......................... गा.पा./न.पा./उ.न.पा./ म.न.पा. .............................. वडा नं. ... टोल .......................... मा खडा गरेको उत्पादन स्थल/बिक्री तथा वितरण स्थल शिलबन्द गरी देहाय बमोजिमको विवरण सहित यो मुचुल्का तयार गरिएको छ।

१. बजार अनुगमन/निरिक्षणको क्रममा देखिएको कैफियतको विवरणः

२. चार किल्ला सहित खानतलासी/बरामदी गरिएको चिज वस्तुको नमुना तथा स्थानको विवरणः

१.

२.

३.

३. खानतलासीमा फेला परेका जिन्सी कागजात र स्थानको विवरणः

१.

२.

३.

४. बरामद भएको सामान/दशीको विवरण/जिन्सी कागजात र शिलबन्दी/कारोबार रोक्का गरिएको विवरणः

१.

२.

३.

४.

५. सिलबन्दी/कारोबार रोक्का गरी व्यवसायी स्वंयमका जिम्मामा रहेको सामानहरुः

१.

२.

३.

४.

६. रोहबरमा बस्नेहरुको नाम, थर, वतन र सहिछापः

१.

२.

३.

मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

७. निरीक्षण अधिकृतले हाम्रो उत्पादन स्थल/भण्डारण स्थल/ढुवानी स्थल/विक्री स्थलबाट खानतलासी लिँदा ईज्जत साथ तलासी लिएको र कुनै सामान हिनामिना भएको छैन। माथि प्रकरण ३ मा उल्लेख भएको चिज वस्तु सामानहरु मेरो उत्पादन स्थल/भण्डारण स्थल/ढुवानी स्थल/विक्री स्थलबाट बरामद भएको/शिलबन्दी/कारोवार रोक्का भएको ठिक साँचो हो भनि सहिछाप गर्नेः

नाम, थरः

ठेगानाः

दस्तखतः

मितिः

८. मुचुल्का तयार गर्ने कर्मचारीहरुः

१.

२.

३.

मितिः

समयः

मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

अनुसूची- ३

(दफा २२ को उपदफा (१) सँग सम्बन्धित)

## पुनरावलोकनको लागि दिइने निवेदनको ढाँचा

श्रीमान महानिर्देशकज्यू,

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

बबरमहल, काठमाण्डौ।

विषयः- निरीक्षण अधिकृतबाट मिति ..........मा भएको जरिबानाको आदेशको पुनरावलोकन गरी पाउँ।

१. निवेदनको संक्षिप्त व्यहोराः
२. कुन कानूनको कुन दफा बमोजिम के कुन कसूरमा कुन दफा बमोजिम जरिबाना गरिएको हो? सबै व्यहोरा खुलाउने।
३. आफूलाई भएको जरिबाना आदेश हुनु नपर्ने कारण तथ्य भए खुलाउने।
४. आफूलाई भएको जरिबानाको आदेश हुनु नपर्ने कुनै कागज प्रमाण भए खुलाउने।
५. संलग्न कागजातः
   (घ) व्यवसाय दर्ता प्रमाणपत्र, भ्याट/प्यान दर्ता प्रमाणपत्र
   (ङ) धरौटी रकम जम्मा गरेको भौचर
   (च) अन्य संलग्न कागजात

निवेदक

दस्तखतः

नामथरः

मितिः

मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## अनुसूची -४

(दफा २३ को उपदफा (६) सँग सम्वन्धित)

## पुनरावलोकनको निर्णय पर्चाको ढाँचा

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक श्री ............................ बाट भएको

निर्णय पर्चा

निवेदक.............जिल्ला............गाउँपालिका/नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका ...............गाउँ/टोल वस्ने.................का संचालक .......................... पुनरावलोकनकर्ता।

विरुद्ध

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निरीक्षण अधिकृत .......................

विषय: ........................

<u>द्रष्टव्य:</u> विषयवस्तुको संक्षिप्त विवरणसहित कुन कानूनको कुन दफा बमोजिम तत्काल जरिवानाको आदेशको आदेश गरिएको हो ? उक्त जरिवानाको आदेश कानून बमोजिम भए नभएको यकीनगरी निर्णय पर्चा तयार गरी निरीक्षण अधिकृतबाट भएको जरिवाना आदेश कानून बमोजिम भएको देखिए सदर गर्ने र जरिवानाको आदेश कानून विपरित भएको देखिए बदर गरी पुन: अनुगमन गर्ने आदेश दिने गरी निर्णय पर्चा तयार गर्नु पर्नेछ।

मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

अनुसूची -५

(दफा २४ को उपदफा (१) सँग सम्बन्धित)

## प्रतिवेदन पेश गर्दा खुलाउनु पर्ने कुराहरु

१. बजार अनुगमन तथा निरीक्षणको काममा व्यवसायीलाई भएको कारवाहीको विवरण

| क्र.स. | मिति | निरिक्षणअधिकृत | व्यवसायी (व्यक्ति, फर्म, कम्पनी वा संस्था र ठेगाना) | जिल्ला | स्थानियनिकाय | अनुगमनगर्ने निकाय | विषयगतक्षेत्र | सामान्यअवस्थामा रहेको | सामान्यकाफयतमा तत्काल सुधार गराइएका वा सुधार गर्न निर्देशन दिएको | खानअयाग्य वा म्याद साकएकाल तत्काल नष्ट गन लगाइएको रकम (रू.) | आवश्यककागजात वा स्पष्टीकरण पेश/बयान गन बोलाएको | व्यवसायस्थलमा तत्कालै जरिवाना गरिएको फर्म संख्या | व्यवसायस्थलमा तत्कालैजरिवाना गरिएको रकम (रू.) | परीक्षणकालागि वस्तुको नमूना लिइएको | कारोबाररोक्का वा शिलवन्दी गरिएको | व्यक्तिवा साधन नियन्त्रणमा लिईएको | अभियोजनमालगिएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | |

२. निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा

(क) खानतलासीको सूचना दिए नदिएको

..............................................................................................................

(ख) खानतलासी मुचुल्का तयार गरेको नगरेको

..............................................................................................................

(ग) रोहवरमा स्थानीय प्रतिनिधि, सुरक्षाकर्मी वा अन्य रहे नरहेको

..............................................................................................................

(घ) गर्नु पर्नाको कारण

..............................................................................................................

(ङ) गरिएकोठाउँ

..............................................................................................................

(च) फेलापरेका वस्तुहरु

..............................................................................................................

(छ) फेला परेका वस्तुहरु कहाँ कसको जिम्मामा राखिएको छ

..............................................................................................................

(ज) अन्य केही भए

..............................................................................................................

३. रोक्का वा कब्जा गर्नु परेकोमा

मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री
...णिज्य तथा आपूर्ति मन्त्रालय

(क) रोक्का राख्ने सूचना दिए नदिएको

.....................................................................................................................

(ख) रोक्का वा कब्जा गर्नु पर्नाको कारण

.....................................................................................................................

(ग) के कति मात्रामा रोक्का गरिएको हो

.....................................................................................................................

(घ) व्यवसाय सिलबन्दी गरिएको छ छैन

.....................................................................................................................

(ङ) सिलबन्द गरेको भए के कसरी गरिएको छ

.....................................................................................................................

(च) सिलबन्दी मुचुल्का गरे नगरेको

.....................................................................................................................

(छ) रोहवरमा स्थानीय प्रतिनिधि, सुरक्षाकर्मी वा अन्य रहे नरहेको

.....................................................................................................................

(ज) लाहछाप गरेको संख्या र स्थान

.....................................................................................................................

(झ) अन्य केही भए

.....................................................................................................................

४. वस्तुको नमूना लिइएकोमा

(क) भाँडो वा प्याकेटमा राखी लिइएको छ छैन

.....................................................................................................................

(ख) भाँडो वा प्याकेटको सिलबन्दी गरिएको छ छैन

.....................................................................................................................

(ग) रोहवरमा स्थानीय प्रतिनिधि, सुरक्षाकर्मी वा अन्य रहे नरहेको

.....................................................................................................................

(घ) सिलबन्दमा क-कसको हस्ताक्षर रहेको छ

.....................................................................................................................

(ङ) नमूना जाँच गर्न कहाँ कहाँ पठाइएको छ

.....................................................................................................................

(च) नमूना जाँच गर्न कुन मितिमा पठाइएको हो

.....................................................................................................................

(छ) अन्य केही भए

.....................................................................................................................

५. तत्काल जरिबाना गरिएकोमा

(क) जरिबाना गर्नुपर्नाको कारण

.....................................................................................................................

(ख) जरिबाना रकम

.....................................................................................................................

(ग) अन्य केही भए

.....................................................................................................................

६.	(क) निरीक्षण, जाँचबुझ वा खानतलासी गरिएको ठाउँ र सो ठाउँमा फेला परेका उपभोग्य वस्तु र सोसँग सम्बन्धित अन्य विवरण।

(ख) उपभोग्य वस्तुको नमूना लिएकोमा सो लिनु पर्नाको कारण।

(ग) उपभोग्य वस्तु रोक्का राख्न त्यस्तो वस्तुको नमूना लिंदा के कति वस्तु कुन रूपमा भाँडो वा प्याकेटमा राखी सिलबन्दी गरिएको छ र त्यस्तो भाँडो वा प्याकेट के प्रयोजनका लागि कहाँ कहाँ पठाइएको छ सोको विवरण।

(घ) अनुगमन वा निरीक्षणको क्रममा तत्काल जरिवानाको आदेश गरेको भए सो को विवरण।

मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## अनुसूची -६

(दफा २७ को उपदफा (३) सँग सम्बन्धित)

## मिसिल तथा कागजातहरु अभिलेखमा राख्ने भरपाईको ढाँचा

| सि.नं. | व्यक्ति वा संस्थाको नाम | प्रशासकीय पुनरावलोकन गरिएको | | महानिर्देशक समक्ष मुद्दा चलेको | | अदालतमा मुद्दा चलेको | | बुझाउने व्यक्तिको नाम थर र हस्ताक्षर | बुझिलिने व्यक्तिको नाम थर र हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दर्ता मिति | निर्णय मिति | दर्ता मिति | निर्णय मिति | दर्ता मिति | निर्णय मिति | | | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |

मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

अनुसूची -७

(दफा २७ को उपदफा (५) सँग सम्बन्धित)

निरीक्षण तथा जाँचबुझ, जरिबाना र दण्ड सजायको अभिलेखको ढाँचा

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

बजार अनुगमन तथा निरीक्षणको विवरण/प्रतिवेदन

बजार अनुगमन तथा निरीक्षणको काममा व्यवसायीलाई भएको कारवाहीको विवरण र संख्या

| क्र.स. | मिति | निरिक्षणअधिकृत | व्यवसायी (व्यक्ति, फर्म, कम्पनी वा संस्था र ठेगाना) | जिल्ला | स्थानीयनिकाय | अनुगमनगर्ने निकाय | विषयगतक्षेत्र | सामान्यअवस्थामा रहेको | सामान्यकैफियतमा तत्कालै सुधार गराइएको वा सुधार गर्न निर्देशन दिएको | खानअयोग्य वा म्याद सकिएकोले तत्कालै नष्ट गर्न लगाइएको रकम (रु.) | आवश्यककागजात वा स्पष्टीकरण पेश/बयान गर्न बोलाएको | व्यवसायस्थलमा तत्कालैजरिवानागरिएको फर्म संख्या | व्यवसायस्थलमा तत्कालैजरिवाना गरिएकोरकम (रु.) | परीक्षणकालागि वस्तुको नमूना लिइएको | कारोवाररोक्का वा शिलबन्दी गरिएको | व्यक्तिवा साधन नियन्त्रणमा लिईएको | अभियोजनमालगिएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | | |

मा. दिलेन्द्रप्रसाद बडू
मन्त्री
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय